# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २३ ] काठमाडौं, कार्तिक १ गते २०३० साल [ अतिरिक्ताङ्क ४२

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिंचाइ मन्त्रालय

#### चितवन सिंचाइ विकास समिति (गठन) आदेश, २०३०

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "चितवन सिंचाइ विकास समिति (गठन) आदेश, २०३०" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो आदेशमा "योजना" भन्नाले श्री ५ को सरकारबाट स्वीकृत चितवन सिंचाइ योजना सम्झनुपर्छ ।

३. समितिको गठनः–(१) चितवन सिंचाइ विकास समिति (यसपछि "समिति" भनिएको) नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन्ः–

(क) सचिव खाद्य, कृषि तथा सिंचाइ मन्त्रालय– अध्यक्ष

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय– सदस्य

(ग) प्रतिनिधि, जल तथा विद्युत् मन्त्रालय– सदस्य

(घ) प्रतिनिधि, भूमिसुधार मन्त्रालय– सदस्य

(ङ) प्रतिनिधि, राष्ट्रिय योजना आयोगको सचिवालय– सदस्य

(च) महानिर्देशक, कृषि विभाग– सदस्य

(छ) निर्देशक, क्षेत्रीय निर्देशनालय, काठमाडौं, कृषि विभाग– सदस्य

(ज) निर्देशक, क्षेत्रीय निर्देशनालय, काठमाडौं सिचाइ तथा जलवायु विज्ञान विभाग– सदस्य

(झ) महानिर्देशक, सिचाइ तथा जलवायु विज्ञान विभाग– सदस्य-सचिव

(३) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूको थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) अध्यक्ष र सदस्य–सचिव सहित अरू तीन जना सदस्यहरू उपस्थित भएमा गणपूरक संख्या पूरा भएको मानिनेछ ।

(५) समितिमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

(६) समितिको आमन्त्रणमा श्री ५ को सरकारको कुनै अधिकृत, विदेशी सल्लाहकार वा कन्सल्टयाण्ट समितिको बैठकमा उपस्थित हुन सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः– (१) श्री ५ को सरकार र एशियाई विकास बैंकको बीच चितवन सिचाइ योजना सम्बन्धमा भएको सम्झौताहरूमा उल्लेख भएबमोजिम श्री ५ को सरकारको दायित्वहरू पूरा गर्नु समितिको मुख्य कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कर्तव्य पालनको लागि समितिले निम्नलिखित कार्यहरू गर्नेछ ।

(क) योजना क्षेत्रमा सिचाइ सुविधा पुर्‍याउने,

(ख) चितवन उपत्यका विकासको लागि सम्बन्धित विभाग तथा कार्यालयहरूको बीच समन्वय र सामञ्जस्य कायम राख्ने,

(ग) कृषि विकास कार्यक्रम संचालन गर्ने,

(घ) योजनाको नीति निर्धारण गर्ने र त्यसको कार्यान्वयनमा रेखदेख पुर्‍याउने,

(ङ) कृषि विकासको लागि ऋण तथा अन्य साधनहरू सुलभ गराउने,

(च) सिचाइ सुविधा उपलब्ध भएको क्षेत्रमा पानी दस्तूर तोक्ने र सो दस्तूर उठाउने व्यवस्था समेत मिलाउने र

(छ) योजना कार्यान्वयनको लागि अन्य अवाश्यक कार्यहरू गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. समितिको कोषः– (१) समितिको एउटा कोष हुनेछ जसमा श्री ५ को सरकार र एशियाली विकास बैंकबाट प्राप्त रकम रहनेछ ।

(२) समितिको कोषको संचालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

६. समितिको लेखापरीक्षणः– (१) समितिको आय–व्ययको लेखा समितिले बनाएको नियमबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

७. अधिकार प्रत्यायोजन गर्न सकिनेः– समितिले आफ्नो सबै वा केही अधिकार समितिको कुनै सदस्य वा सदस्यहरूको उप-समितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

८. समितिको निर्णय र आदेश प्रमाणित गर्नेः– समितिको निर्णय र आदेश समितिको सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

९. समितिको कार्यालयः– समितिको प्रधान कार्यालय काठमाडौंमा रहनेछ र योजना कार्यान्वयन कार्यालयहरू योजना क्षेत्र चितवनमा हुनेछन् ।

१०. नियमहरू बनाउन सक्ने अधिकारः– समितिले आफ्नो कार्य संचालनको लागि आवश्यक नियमहरू बनाउन सक्नेछ ।

११. श्री ५ को सरकारसंग सम्पर्कः– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा खाद्य, कृषि तथा सिचाइ मन्त्रालय, सिचाइ तथा जलवायु विज्ञान विभाग मार्फत सम्पर्क राख्नुपर्छ ।

आज्ञाले–
वासुदेव प्याकुरेल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।